# राष्ट्रिय टेलिभिजन प्रसारक संघ लुम्विनी प्रदेश भेला
# बुटवल घोषणा पत्र

लुम्विनी प्रदेशमा मुख्य प्रशारण केन्द्र स्थापना गरि सन्चालनमा रहेका टेलिभिजनका सञ्चालकहरुको सहभागीतामा राष्ट्रिय टेलिभिजन प्रशारक संघको प्रथम भेला २०८० भदौ १२ गते बुटवलमा सम्पन्न भयो । संघका केन्द्रिय अध्यक्ष शंकर अधिकारीको अध्यक्षतामा सम्पन्न भेलामा उठेका बिषयहरुलाई समेटेर बुटवल घोषणा पत्र २०८० सार्वजनिक गरिएको छ ।

१. लुम्बिनी प्रदेशमा टेलिभिजन प्रशारण गृहहरुको संख्या एक दर्जन भन्दा बढी छ। ति टेलिभिजनहरुमा २ सय भन्दा बढी पत्रकार र अन्य कामदारहरु कार्यरत छन् । पछिल्लो समय बढदो आर्थिक संकट र सरकारी क्षेत्रको नीतिगत अस्पस्टताको कारणले सरकारी, गैर सरकारी र नीजि क्षेत्रसंग सहकार्य हुन सकेको छैन यो भेला सबै क्षेत्र संग सहकार्य गर्ने वातावरण वनाउन माग गर्दछ ।

२. टेलिभिजनहरुको मुख्य आम्दानीको स्रोत विज्ञापन बजार हो । यसलाई व्यवस्थित गर्न संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारसंगै उद्योग, व्यवसाय र अन्य निकायहरुले दिने विज्ञापन वितरण प्रणालीलाई नीतिगत रुपमा व्यवस्था गरी समानुपातिक ढंगले बितरण गर्ने कार्यलाई कडाईका साथ कार्यान्वयन गर्न माग गर्दछ ।

३. सञ्चार गृह सक्षम र सवल भएको खण्डमा मात्र श्रमजीवी पत्रकार ऐनको व्यवहारिक कार्यान्वयन गर्न सकिने भएकाले सञ्चारगृहहरु दीगो बनाउनका लागि बिशेष कार्यक्रम सञ्चालन गर्न आग्रह गर्दछ ।

४.तिनै तहका सरकारले प्रदान गर्ने विज्ञापनको बितरण समानुपातिक ढंगले सिधै सञ्चारगृहले पाउने गरी व्यवस्था मिलाउन तथा लोककल्याणकारी बिज्ञापन रकम शतप्रतिसत बृद्धी गर्न यो भेला जोडदार माग गर्दछ ।

५.सरकारले लिदै आएको टेलिभिजनहरुको नविकरण तथा रोयल्टी दस्तुर मिनाह गर्ने यवस्था गर्न यो भेला जोडदार माग गर्दछ ।

६ टेलिभिजनहरुले प्रयोग गर्ने बिद्युत महशुलमा बिशेष छुटको व्यवस्था गर्न यो भेला माग गर्दछ ।

७. दर्ता विना सन्चालन भएका र दर्ता भएपनि बर्षौ देखि नविकरण नभएका टेलिभिजनहरुलाई कानूनी दायरामा ल्याउन यो भेला जोडदार माग गर्दछ ।

८. प्रेस काउन्सिल नेपालले मिडिया विकास कोषमार्फत प्रादेशिक र स्थानीय मिडियाको विकासमा लगानी गर्न, उपकरण खरिदमा दिने व्याजअनुदान टेलिभिजनहरुलाई समेत दिने ब्यवस्था मिलाउन माग गर्दछ ।

९ बिज्ञापन बोर्डले पछिल्लो समय बिज्ञापन बजारलाई ब्यवस्थीत गर्नेगरी बिज्ञापन एजेन्सीले १५ प्रतिसत मात्रै कमिसन लिन पाउने गरी गरेको ब्यवस्था प्रति हार्दिक आभार ब्यक्त गर्दै उक्त निर्णयलाई कडाईका साथ कार्यान्वयन हुने छ भन्नेमा हामी पुर्ण बिश्वस्त छौं ।

१० सामाजिक संजालबाट विज्ञापन तथा कार्यक्रमहरु प्रशारण भैरहेको छ । यस्तो कार्य रोक्नका लागि सम्वन्धीत निकायको यो भेला ध्यानाकर्षण गराउदछ ।

११. टेलिभिजनबाट उत्पादन भई प्रशारण हुने कार्यक्रम, समाचार लगायत प्रशारण सामग्री स्तरीय र बिश्वस्नीय बनाउन सबै टेलिभिजनहरुलाई अपिल गर्दछ ।

१२ सबै प्रविधी प्रयोग गर्ने टेलिभिजन बितरकहरुले नेपाली टेलिभिजनहरुलाई अनिवार्य रुपमा बितरण गर्ने ब्यवस्था मिलाउन यो भेला हार्दिक आग्रह गर्दछ ।

अन्त्यमा, लुम्विनी प्रदेशका टेलिभिजनहरुको लुम्विनी प्रदेश स्तरिय भेला सम्पन्न गर्न सहयोग गर्ने सबैमा हार्दिक आभार ब्यक्त गर्दछौं । त्यसैगरि प्रदेश स्तरिय भेला सफल बनाउन काठमाडौंवाट पाल्नु भएका केन्द्रिय अध्यक्ष शंकर अधिकारी र महासचिव सुमितजंग राणा तथा टेलिभिजनका अध्यक्षहरु तथा व्यवस्थापक लगायत सबैलाई धन्यवाद दिने निर्णय भएको छ ।

घोषणा पत्र तयारी समिति

बिक्रम खड्का

दिनेश पाण्डे

विष्णु भुषाल

मिनक्षी न्यौपाने

सन्तोष वस्याल